# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २७ ] काठमाडौं, फागुन २ गते २०३४ साल [ संख्या ४३


श्री ५ को सरकार

### गृह पञ्चायत मन्त्रालयको

### सूचना

संस्था दर्ता नियमावली, २०३४

संस्था दर्ता ऐन, २०३४ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ :–

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "संस्था दर्ता नियमावली, २०३४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा ऐन भन्नाले संस्था दर्ता ऐन, २०३४ सम्झनुपर्छ ।

३. दर्ताको लागि निवेदन : ऐनबमोजिम संस्था दर्ता गर्न चाहने व्यक्तिहरूले एकसय रूपैयाँ दस्तूर सहित स्थानीय अधिकारीसमक्ष अनुसूची १ मा तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

४. संस्थाको दर्ता र प्रमाण–पत्र : नियम ३ बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा निजले अनुसूची २ बमोजिमको दर्ता किताबमा संस्था दर्ता गर्नु पर्नेछ र त्यसरी संस्था दर्ता गरिसकेपछि अनुसूची ३ बमोजिमको दर्ताको प्रमाण–पत्र दिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. दर्ताको अवधि, नवीकरण र दस्तूर : (१) नियम ४ बमोजिम दिइएको दर्ताको प्रमाण–पत्र एक आर्थिक वर्षसम्म बहाल रहनेछ ।

(२) उप–नियम (१) बमोजिम संस्थाको दर्ता बहाल रहने अवधि समाप्त भएको मितिले एक महीनाभित्र सम्बन्धित व्यक्तिले स्थानीय अधिकारीबाट पच्चीस रूपैयाँ दस्तूर तिरी दर्ताको प्रमाण–पत्र नवीकरण गराउनु पर्नेछ ।

(३) उप–नियम (२) बमोजिमको म्यादभित्र दर्ताको प्रमाण–पत्रको नवीकरण गराउन नसकी सो म्याद नाघेको मितिले तीन महीनाभित्र नवीकरण गराउन आएमा स्थानीय अधिकारीले पचास रूपैयाँ दस्तूर लिई नवीकरण गर्न सक्नेछ ।

## अनुसूची – १
(नियम ३ संग सम्बन्धित)

### निवेदनपत्रको ढाँचा

श्री स्थानीय अधिकारी,
... ... कार्यालय ।

महोदय,

हामीले ... ... ... सम्बन्धी संस्था खोल्न चाहेकोले संस्था दर्ता ऐन, २०३४ बमोजिम संस्था दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन गरेका छौं । प्रस्ताबित संस्थाको विधानको एक प्रति पनि यसैसाथ संलग्न गरिएको छ ।

विवरण

१. संस्थाको नाम :–
२. संस्थाको उद्देश्यहरू :–
(क) ... ...
(ख) ... ...
(ग) ... ...
३. प्रबन्ध समितिका सदस्यहरूको

| | नाम | ठेगाना | पेशा |
|---|---|---|---|
| (क) | | | |
| (ख) | | | |
| (ग) | | | |

४. आर्थिक स्रोत :–
५. कार्यालयको ठेगाना :–

भवदीय,
पदाधिकारीहरूको नाम

मिति :–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–२

(नियम ४ संग सम्बन्धित)

### दर्ता किताबको ढाँचा

### संस्थाको दर्ता किताब

| दर्ता | दर्ता मिति | | | संस्थाको नाम र ठेगाना | संस्थाको उद्देश्य | संस्थाको पदाधिकारी एवं सदस्यहरूको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | साल | महीना | गते | | | | |
| | | | | | | | |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–३
(नियम ४ संग सम्बन्धित)
प्रमाण–पत्रको ढाँचा

संस्था दर्ताको प्रमाण–पत्र

दर्ता मितिः–
दर्ता नम्बरः–

श्री अध्यक्ष । सचिव
... ... ... ...

... ... ... ... ... (संस्थाको नाम) संस्था दर्ता ऐन, २०३४ को दफा ४ बमोजिम .. ...साल... ...महीना... ...गतेमा दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ ।

स्थानीय अधिकारीको सहीः–
पूरा नामः–
दर्जाः–
कार्यालयः–

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नवीकरण

| नवीकरण गरेको मिति | दर्ताको प्रमाण–पत्र बहाल रहने अवधि | नवीकरण दस्तूर | स्थानीय अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

आज्ञाले–

शेरबहादुर शाही

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।